नेपाल राष्ट्र बैंक

राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौंको

**सरकारी ऋणपत्र तथा बचतपत्रको कार्य गर्न इच्छुक नयाँ तथा पुराना बजार निर्माताहरुको लागि इजाजत पत्र लिन आउने सम्वन्धी**

**सूचना**

---

नेपाल सरकारको राष्ट्रिय बचतपत्र तथा नागरिक बचतपत्रको प्राथमिक तथा दोश्रो बजार कारोवार र बोलकबोलको माध्यमबाट निष्कासन नभएका विकास ऋणपत्रको दोश्रो बजार कारोवारका लागि शर्तहरु सहित बजार निर्माताको कार्य गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र हाल यस विभागको इजाजतपत्र लिई कारोवार गरिरहेका संस्थाहरुले समेत **आर्थिक वर्ष २०६८/६९ को लागि नयाँ इजाजत पत्र लिन वा इजाजतपत्र नवीकरण गर्न आवेदन दिएका सम्पुर्ण संस्थाहरुले** देहायका विवरणहरु खुलाई इजाजत पत्र वुझ्न आउनु हुन आव्हान गरिन्छ ।

**(क) बजार निर्माताको इजाजतपत्र लिनका लागि**

(१) संस्थाको आधिकारिक पत्रसंगै पत्रवाहक व्यक्तिको नाम र नमूना दस्तखत

(२) आवेदन पत्रमा संस्थाको ने.रा.बैंकमा रहेको खाता नं वै.अ................ र खाता संचालक व्यक्तिहरुको नाम उल्लेख हुनुपर्ने

(३) बचतपत्रको कारोवारका सम्वन्धमा सम्पर्क व्यक्तिको पद र नाम उल्लेख

(४) संस्थाको छाप